

तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।


यू.एम.एन. केन्द्रीय कार्यालय
पोष्ट बक्स नं. १२६, काठमाडौं
१६६००१२८११८ (निःशुल्क फोन नं.)
९८४७३८७०३०, ९८६४३२६७३२
feedback@umn.org.np
feedback.bg@umn.org.np
www.umn.org.np/feedback


## साझेदार संस्थाहरु

प्रगतिशील युवा समाज बझाङ

दलित सहयोग समाज बझाङ

## कार्यालय


यू.एम.एन. बझाङ क्लष्टर
जयपृथ्वी नगरपालिका
वडा नं. १०, चैनपुर बझाङ
फोन नं. ०९२ ४२१००३
bajhang@umn.org.np
www.umn.org.np








# वार्षिक प्रगति

## यू.एम.एन. बझाङ

२०८०/२०८१


रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन

# प्रमुख उपलब्धिहरु

यूनाईटेड मिसन टु नेपाल (यू.एम.एन.) बझाङ क्लष्टरको आर्थिक वर्ष २०८०/२०८१ को प्रतिवेदन यहाँहरूको बीचमा यसरी पस्कन पाउँदा यू.एम.एन. बझाङ क्लष्टर परिवार अत्यन्तै खुशी छौं । यस जिल्लाको सामुदायिक विकासको काममा विगत १५ वर्षदेखि निरन्तर सहयोग गर्न पाउनु हाम्रो लागि गर्वको कुरा हो । गत आर्थिक वर्ष यस संस्थाले बुङ्गल नगरपालिकामा लैङ्गिक समानताको लागि समान व्यवहार र जलवायु प्रभाव न्यूनीकरण तथा अनुकूलन परियोजना कार्यान्वयन गर्‍यौं भने थलारा गाँउपालिकामा विपद् जोखिम व्यवस्थापन, जीविकोपार्जन र शिक्षा परियोजनाहरू सञ्चालन गरियो । १८ वर्ष मुनीका अपाङ्गता भएका बालबालिकाहरूको उपचार, मानसिक स्वास्थ्य र अपाङ्गता समावेशीकरण, पुर्नस्थापना र मूलप्रवाहीकरण परियोजनाहरू भने माथि उल्लेखित दुबै पालिकाहरूमा कार्यान्वयन गरियो । यसबाट प्रत्यक्षर र अप्रत्यक्षरूपमा लाभग्राहीहरू लाभान्वित हुनुभयो ।

## परियोजनागत खर्च

कुल खर्चः ८,६८,९९,२४०




- गोठसुधार सहयोग — १२४
- सिँचाइ कुलो निर्माण — ४
- कुटानी पिसानी औजार सहयोग — ११
- विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण — ३६८
- पानी घट्टको मर्मत तथा आधुनिकीकरण — ४
- समुदायमा शौचालय निर्माण — ३
- कृषि सामाग्री बीऊ तथा अन्य सामाग्री सहयोग — २०९
- स्वयम् सेविका तथा स्वास्थ्यकर्मीहरुको लागि मानसिक स्वास्थ्य सम्बन्धी तालिम — १०९
- वृक्षारोपण — १३७८
- विपद् जोखिम र जलवायु परिवर्तन सम्बन्धी जनचेतनाका लागि समाग्री — २८०
- अपाङ्गता भएका बालबालिकाहरुलाई उपचार — १७
- भुकम्प पिडीतलाई राहत वितरण — २२१
- खोज तथा उद्दार र प्राथमिक उपचार सम्बन्धी तालिम — ८०
- मानसिक स्वास्थ्य सम्बन्धी औषधी सहयोग — १७७
- आय आर्जनको लागि सहयोग — २६३

## आशा, उपचार र नयाँ शुरुवात

बझाङको थलारा गाउँपालिकामा बस्ने ५४ वर्षीय राम (नाम परिवर्तन) घरपरिवारको समग्र जिम्मेवारी र चरम गरिबीले विगतदेखि मानसिक समस्याबाट ग्रसित थिए । उक्त समस्याले गर्दा आफ्नो परिवारलाई बेवास्ता गर्ने, गाउँमा चर्को स्वरमा बोल्ने, कराउने, गीत बज्नासाथ नाच्ने, बाटोमा हिड्ने मानिसलाई जिस्काउने, गाली गर्ने जस्ता व्यवहार देखाउँथे ।

उनलाई मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिको रूपमा पहिचान गरी कोटभैरव स्वास्थ्य चौकी मार्फत् नियमित परामर्श र औषधी दिनुका साथै आफूजस्तै बिरामीहरूसँग मासिक छलफल गर्न थाले । उनले आर्यआर्जनका लागि रु ५०,००० परियोजनाबाट प्राप्त गरी बाख्रा पाल्न थाले ।

अहिले परामर्श र नियमित औषधिले उनको स्वास्थ्यमा सुधार भइरहेको छ । आफ्नो जिम्मेवारी र दैनिक घरायसी गतिविधिहरू साथै परम्परागत सीपको प्रयोग गरी बाँसको सामाग्रीहरू बनाउन थालेका छन्, जसबाट दैनिक रु ४०० देखी ५०० सम्म आम्दानी भइरहेको छ । निरन्तर प्रयास र परियोजनाको सहयोगबाट ७ वटा बाख्रा बिक्री गरिसकेका छन् । हाल उनीसँग १० वटा बाख्राछन्, जसबाट उनीहरूको दैनिक जिविकोपार्जनमा सहयोग भइरहेको छ ।

